मिति २०७७/३/ २१ मा बसेको मन्त्रिपरिषद् बैठक संख्या ८२/२०७७ का निर्णयहरू:-

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्ताव नं. १/५७/२८७-२०७७/३/१९ को "प्रदेश निजामती कर्मचारीको आन्तरिक भ्रमण (कार्यक्रम सञ्चालन) निर्देशिका, २०७७ स्वीकृत गर्ने " सम्बन्धी प्रस्तावमा देहाय बमोजिम परिमार्जन गरी प्रस्तावमा लेखिए बमोजिम गर्नेः-

(क) "दफा ४ को उपदफा (१) मा रहेको "**प्रदेश राजधानी रहेको वा तोकिएको**" भन्ने शब्दहरुको सट्टा "**आफु कार्यरत कार्यालय रहेको**" भन्ने शब्दहरु तथा "**प्रदेश भित्रका अन्य**" भन्ने शब्दहरुको सट्टा "**अनुसूची ४ बमोजिमका**" भन्ने शब्दहरु कायम गर्ने ।"

(ख) "दफा ८ को उपदफा (१) को खण्ड (च) को वाक्यक्रममा "**पानीका बोतल**" भन्ने शब्दहरु तथा खण्ड (छ) को वाक्यक्रमको अन्त्यमा "**तथा सम्भाव्य प्रमाण संकलन गर्ने, र** " भन्ने शब्दहरु थप गर्ने । "

(ग) "दफा ९ को उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्ने

(३) **यस दफा बमोजिम पेश गरेको प्रतिवेदन सम्बन्धित कर्मचारीले सम्बद्ध कार्यालयको कर्मचारी वैठकमा प्रस्तुतिकरण गर्नुपर्नेछ ।**"

(घ) अनुसूची-१ को पुछारमा निम्न वाक्य थप गर्ने,-

"**संलग्नः आफु कार्यरत कार्यालयमा ६ (छ) महिना रुजु हाजिर भएको कार्यालय प्रमुखबाट प्रमाणित पत्र निवेदन साथ पेश गर्नुपर्नेछ ।**"

(ङ) अनुसूची- २ को पुनश्चः खण्डको वाक्यक्रममा "**A4 Size मा**" भन्ने शब्दहरु थप गर्ने ।

(च) अनुसूची-४ को पर्यटकीय स्थलहरुको सूचीमा "**भम्केनी धाम, सिद्धवावा/ब्रह्मदेव, बन्दा ताल, प्यारा ताल, गोदावरी धाम, शिवपुरी धाम, बेहडावावा, जोखर (जाखोर) ताल, कोइली ताल, घटालवावा, बुढिनन्दामाई धाम, रौलाकेदार, अपि हिमाल, बासुधारा, तेलेलेक क्षेत्र, सिद्ध गुफा**" थप गर्ने ।

२. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्ताव नं. २/४०/२८२-२०७७/३/१९ को "बजेट निकाशा दिने " सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रचलित कानून बमोजिमको विधि र प्रकृया अवलम्बन गरी खर्च तथा लेखा व्यवस्थापन गर्ने शर्तमा प्रस्तावमा लेखिए बमोजिम गर्ने"

३. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्ताव नं. २/४१/२८३-२०७७/३/१९ को "औषधी उपचार रकम भुक्तानी दिने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ बमोजिम हुने गरी प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

४. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रस्ताव नं. ४/२९/२८८-२०७७/३/१९ को "सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण ऐन, २०७५ खारेज गरी वातावरण संरक्षण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्ने विधेयकको मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

५. भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रस्ताव नं. ६/९/२८६-२०७७/३/१९ को "गाडी भाडा रकम व्यवस्थापन गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रचलित कानून बमोजिमको विधि र प्रकृया अवलम्बन गरी खर्च तथा लेखा व्यवस्थापन गर्ने शर्तमा प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

६. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/५३/२८४-२०७७/३/१९ को "हेलिकप्टर प्रयोग वापतको रकम भुक्तानी" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रचलित कानून बमोजिमको विधि र प्रकृया अवलम्बन गरी खर्च तथा लेखा व्यवस्थापन गर्ने शर्तमा प्रस्ताव भई आएको रु. ५,१५,०००/-(अक्षेरुपी पाँच लाख पन्ध्र हजार) आर्थिक मामिला तथा योजना मन्त्रालयले सामाजिक विकास मन्त्रालयलाई निकासा दिने ।

२०७७/३/२१

प्रमुख सचिव

७. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/५४/२८५-२०७७/३/१९ को "दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ को मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

८. बझांग जिल्लाको केदारस्यु गाउँपालिका वडा नं. ८ मल्लेसीमा मिति २०७७ असार १९ गते राती गएको पहिरोबाट प्रभावितहरुलाई राहत उपलब्ध गराउने सम्बन्धमा माननीय मुख्यमन्त्रीज्यूबाट वैठकमा प्रस्तुत भएको विषयमा देहाय बमोजिम गर्नेः-

"बझांग जिल्लाको केदारस्यु गाउँपालिका वडा नं. ८ मल्लेसीमा मिति २०७७ असार १९ गते राती गएको पहिरोबाट मृत्यु भएका व्यक्तिका आश्रित परिवार र अन्य प्रभावित/विस्थापित परिवारका सदस्यहरुको खाने, बस्ने साथै अन्य आपतकालीन व्यवस्थापनका लागि प्रदेश विपद् व्यवस्थापन कोषबाट सम्बन्धित स्थानीय तहसँगको समन्वयमा दोहोरो नपर्ने गरी प्रचलित कानून बमोजिम खर्च गर्न जिल्ला प्रशासन कार्यालय, बझांगलाई रु. दश लाख उपलब्ध गराउने ।"

प्रमुख सचिव